स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री द्वय रेखा थापा र पूजा शर्मा 'उपहार'पछि एकपटक फेरि फिल्ममा देखिने तयारीमा छन्। उनीहरुले कहिले 'काली २' त कहिले नयाँ एक्सन फिल्ममा काम गर्ने चर्चा चलेको भए पनि अब भने फिल्मको नाम यकिन भएको छ। 'छतिसको आँकडा' नामको फिल्ममा उनीहरुले सहकार्य गर्न लागेका हुन्। यसलाई 'कस्ले चोऱ्यो मेरो मन'का निर्देशक सविर श्रेष्ठले निर्देशन गर्नेछन्।

आजको विचार...



सेवानिवृत्त... (दुई पेजमा)

प्रा. देवीभक्त ढकाल



विवाहित महिलाको प्रतिष्ठित सौन्दर्य प्रतियोगिता 'मिसेस नेपाल वर्ल्ड २०२५'को अडिसन चलिरहेको छ। कलाकार केदार घिमिरे 'माउने बुढा', प्रमोद अग्रहरि, दीपिका प्रसाईं लगायतले प्रतिस्पर्धीलाई छनोट गरेका थिए। अडिसनमा ५६ जनाबाट १९ जना छानिएको आयोजक संस्था रिबन इन्टरटेनमेन्टका अध्यक्ष निशुकान्त झाले जानकारी दिए। अडिसनको जजमा गएको वर्षको मिसेस नेपाल वर्ल्ड विजेता डेनिला कार्कीसँगै मिसेस नेपाल वर्ल्डका कोरियोग्राफर अश्विनी झा थिए।

❒ वर्ष ३१ ❒ अंक २७ ❒ २०८२ साउन २८ गते बुधबार 13 August 2025, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### शरणार्थी शिविर आक्रमणमा ४० को मृत्यु

(रासस/एपी)—

**कायरो,** साउन २७/स्थानीय अधिकार समूहका अनुसार सुडानको अर्धसैनिक र्‍यापिड सपोर्ट फोर्सेस (आरएसएफ) ले सोमबार उत्तरी डार्फर प्रान्तको राजधानी अल-फासेर बाहिरको अनिकालग्रस्त विस्थापित शिविरमा आक्रमण गरी ४० जनाको हत्या गरेको छ । अबु सुक विस्थापन शिविरमा काम गर्ने इमर्जेन्सी रेस्पोन्स रुम्स समूहले फेसबुकमा एक विज्ञप्तिमा सुडानी सेनासँग युद्धमा रहेको आरएसएफले शिविरका केही भागमा आक्रमण गरी नागरिकहरूलाई उनीहरूकै घरहरूमा निशाना बनाएको बताएको छ । सुडानभरि सहायता प्रदान गर्ने सामुदायिक कार्यकर्ता समूहले कम्तीमा १९ जना घाइते भएको बताएको छ । करिब चार लाख ५० हजार विस्थापित मानिस बस्ने अल-फासेर बाहिरको अबु सुक विस्थापन शिविरमा युद्धका क्रममा बारम्बार आक्रमण गरिएको छ । आरएसएफले बारम्बार आक्रमण गरे तापनि सुडानी सेनाको एल-फासेरमाथि नियन्त्रण छ । यसैबीच, अल-फासेरको प्रतिरोध समितिले आक्रमणको पुष्टि गर्दै फेसबुकमा उक्त दृश्यले 'निर्दोष, रक्षाविहीन मानिसहरू विरुद्ध गरिएको भयानक उल्लैनको सीमालाई प्रतिबिम्बित गर्दछ' भनी बताएको छ । प्रतिरोध समितिहरू समुदायका स्थानीय नागरिकहरूको समूह हो जसमा मानव अधिकारकर्मीहरू समावेश छन् । येल विश्वविद्यालयको मानवीय अनुसन्धान प्रयोगशाला (एचआरएल) ले उपग्रह तस्बिरहरू पोस्ट गरी सोमबार अबु सुक शिविरमा ४० वटा सवारी साधन उपस्थित भएको देखाएको छ ।

## भगवती जात्राको झल्को दिने 'गणेशको रथयात्रा'

# तानसेनमा निकालियो १०० औं वर्षको गणेश रथ

रामचन्द्र रायमाझी—

**पाल्पा,** साउन २७/पाल्पाको पुरानो र ऐतिहासिक श्रीनगर सिद्धि विनायक गणेशको एक सय औं वर्ष रथ यात्रा निकालिएको छ । १९८२ भाद्र कृष्ण तृतीयाका दिनदेखि सुरु गरिएको रथ यात्रा मंगलबार निकालिएको हो ।

यो हरेक वर्ष रोपाइँजात्राको भोलिपल्ट निकाल्ने गरिन्छ । यो विशेष गरी तानसेनका नेवार समुदायले विशेष रुपमा मनाउने गर्छन् । तानसेनमा थुपै रथयात्रा निकाल्ने गरिए पनि गणेशको रथ निकालेपछि मात्र अन्य रथ निकाल्ने प्रचलन रहेको छ । नेवार समुदायको परम्परागत संस्कृतिलाई बचाई राख्न श्रीनगर सिद्धि विनायक गणेश गुठीले हरेक वर्ष गणेशको रथ निकाल्ने गरेको हो । बाजागाजा सहित गणेशको रथ निकालिएको छ । ऐतिहासिक भगवती जात्राको झल्को दिने गरी गणेशको रथ निकालियो थियो । भगवतीको जात्रामा जस्तै युवाहरुले गणेशको रथ बोकेर नगर परिक्रमा गराएका थिए । अगाडि-अगाडि भजन, बाजा र पछिपछि रथ डुलाइएको थियो । परिक्रमा गर्न हिडालिएको रथमा तानसेनवासीले विभिन्न पर्सादहरु चढाउने गरेको देखिन्थ्यो । नेपाली सेनाले सलामी दिएसँगै गणेशको रथ निकालिएको गुठीले जनाएको छ ।



गणेश जात्राको इतिहास ऐतिहासिक भगवती जात्रासँग जोडिएको गुठीयार तथा नेपाली काँग्रेसका जिल्ला सभापति हिमालदत्त श्रेष्ठले बताए । नेपाली सेनाले जीतगढी युद्धमा विजय प्राप्त गरेको खुसीयालीमा भगवती जात्रा जस्तै गणेशको रथयात्रा निकाल्ने गरिएको उनले बताए । गणेशको रथयात्रा विशेष गरी तानसेनका चार घर परिवारले सुरु गरेका थिए । गुठियार श्रेष्ठका अनुसार यहाँका लिगल, सुवाल, महर्जन र श्रेष्ठ परिवारले गणेशको एक सय वर्ष अघि देखि नै गणेशको रथ निकाल्ने परम्परालाई निरन्तरता दिर्दै आएका छौं ।" गणेश जात्रामा पहिला भगवानलाई पूजा गरी बोकाको बलि दिइने र प्रसादको रूपमा जाग्राममा बस्नेहरूलाई सम्हयबजी बाँडिने भएपनि हिजोआज भगवान श्रीगणेशलाई बलि नचढाइने जानकारहरू बताउँछन् । गणेश जात्राका दिन बाघ जात्रा पर्ने गर्दछ । त्यसको भोलिपल्ट टक्सार टोल स्थित सूर्यविनायक गणेश जात्रा निकालिन्छ । अघिल्लो दिन जाग्राम रथ निकाल्ने परम्पराको सुरुवात गरेका हुन् । पछिल्लो समय यहाँका तीन घर परिवार बसाईसरी बाहिर गएपछि अहिले श्रेष्ठ परिवारले गुठीमार्फत यो रथयात्रा निकाल्ने गरेका छन् । विगत तीन दशकदेखि गुठीमार्फत यो जात्रा निकाल्ने गरिएको छ । नेवारी समुदायमा जनैपूर्णिमादेखि जात्राहरु सुरु भएपनि गणेशको रथयात्रा निकालेपछि मात्र अन्य रथहरु निकाल्न बाटो खुला भएको समितिका अध्यक्ष केदारलाल श्रेष्ठले बताए । उनले भने "हामीले बसी भोलिपल्ट बाजागाजाका साथ गणेशको मूर्तिलाई खाटमा राखी बजार घुमाइन्छ । तानसेन बजार भित्र छ ठाउँमा गणेशका मन्दिरहरु रहेका छन् । टक्सार गणेश जात्राको भोलिपल्ट भिमसेन टोलबाट भिमसेन जात्रा निकालिन्छ । भिमसेन भनेका महाभारतका बलवान शक्तिशाली भिम हुन् । शितलपाटीमा पनि एउटा भिमसेन मन्दिर छ । यसको जात्रा भने माघ महिनामा भीमा द्धादशीको दिन निकालिन्छ ।

## रिब्दीकोटमा कुटपिटबाट एकको मृत्यु



**पाल्पा,** साउन २७/जिल्लाको रिब्दीकोट गाउँपालिकामा कुटपिटबाट एक जनाको मृत्यु भएको छ । रिब्दीकोट गाउँपालिका -७ पालुङमैनादीका ४० वर्षीय रामबहादुर अर्गालीको छिमेकीको कुटपिटबाट मृत्यु हो ।

उनलाई सामान्य झगडामा छिमेकी भपिन्द्र बहादुर खाम्चाले कुटपिट गरेका थिए । कुटपिटबाट घाइते भएका अर्गालीको उपचारपछि फर्केर घरमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रवक्ता प्रहरी निरीक्षक कमल प्रधानले जानकारी दिए । मदिरा सेवनका क्रममा सामान्य कुटपिटबाट घाइते अर्गालीलाई परिवारले उपचारका लागि युनाईटेड मिसन अस्पताल लगेका थिए । उपचार पश्चात उनी आफुखुशी घर गएकोमा घरमै मृत्यु भएको प्रहरीले जनाएको छ । प्रारम्भिक अनुसन्धान पश्चात शव पोष्टमार्टमको लागि प्रादेशिक अस्पताल बुटवल पठाईएको छ । प्रहरीले कुटपिटमा संलग्न खाम्चालाई पक्राउ गरेर थप अनुसन्धान गरिरहेको छ ।

# देशभर ९१ प्रतिशत धान रोपाइँ

**काठमाडौं,** साउन २७/देशभर ९१ प्रतिशत धान रोपाइँ सम्पन्न भएको छ । गत वर्ष सोही अवधिको तुलनामा आठ प्रतिशतले बढी रोपाइँ भएको थियो । देशभर करिब १२ लाख ५४ हजार हेक्टर क्षेत्रफल जमिनमा रोपाइँ सम्पन्न भएको हो । मुलुकभरि करिब १४ लाख हेक्टर जमिन योखीयोग्य रहेको कृषि तथा पशुपक्षी विकास मन्त्रालयले जनाएको छ ।

सुदूरपश्चिममा सबैभन्दा बढी ९९ दशमलव सात, कर्णाली र लुम्बिनी प्रदेशमा ९८ प्रतिशत रोपाइँ सम्पन्न भएको मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीले जानकारी दिए । उनका अनुसार भदौ दोस्रो सातासम्म ९८ प्रतिशत रोपाइँ हुने अनुमान गरिएको छ ।

मधेस प्रदेशमा सबैभन्दा कम ७६ प्रतिशत रोपाइँ सम्पन्न भएको छ । गत वर्ष मधेसमा अहिलेसम्म ९७ प्रतिशत रोपाइँ भएको थियो । यहाँ मनसुन अलि ढिला सक्रिय भएकाले प्रतिशतका हिसाबले सबैभन्दा कम रोपाइँ



भएको पाइएको जोशीले बताए । मधेसमा आवश्यक वर्षा हुन नसकेकाले रोपाइँ प्रभावित भएको उनको भनाइ छ । मन्त्रालयका सूचना अधिकारी जोशीका अनुसार धान उत्पादन तथा क्षेत्रफलका हिसाबले तराई क्षेत्र उपयुक्त मानिन्छ । सो क्षेत्रबाट धानको उत्पादकत्व वृद्धि भई कूल उत्पादनको ७० प्रतिशत योगदान रहेको बताउँदै उनले पहाडी क्षेत्रमा ३० प्रतिशत उत्पादन हुने गरेको जानकारी दिए । आर्थिक वर्ष २०८०/८१ मा ५७ लाख २४ हजार २३४ मेट्रिकटन धान उत्पादन भएको थियो । यस वर्ष स्वदेशमा उत्पादन हुने अनुमान गरिएको ६० लाख मेट्रिकटन धानबाट करिब ३५ लाख मेट्रिकटन खानयोग्य चामल बन्ने उनको भनाइ छ । मौसमको प्रतिकूलता, प्राकृतिक विपद्, अतिवृष्टि तथा अनावृष्टिले नकारात्मक प्रभाव परी कतिपय क्षेत्रमा ढिलो रोपाइँ हुने गरेको जोशीले उल्लेख गरे । पछिल्लो पटक विकास भएका ज्ञान, सीप, प्रविधि तथा उन्नत जातका बीउबिजनको विकासका कारण उत्पादन वृद्धि हुने अनुमान गरिएको उनको भनाइ छ । *-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

## सम्पादकीय

# राजनीतिक दल जिम्मेवार बन

पछिल्लो समय राजनीतिक दलहरुप्रति जनतामा वितृष्णा पैदा भएको छ । सामाजिक सञ्जाल र सञ्चार माध्यम जता हेरे पनि राजनीतिक दलप्रति ठूलो वितृष्णा देखिन्छ । यसले उनीहरुको विकल्प खोजिएको जस्तो आभास हुन्छ । जनता क्रमशः नयाँ दल तथा शक्तितर्फ आकर्षित हुँदै गरेको बुझाइ पाइन्छ । यो असत्य पनि होइन, तर यो पूर्ण सत्य पनि होइन । लोकतान्त्रिक प्रणालीमा राजनीतिक दलले राज्य सञ्चालन गर्ने भएकाले दलहरूबारे सार्वजनिक बहस र आलोचना हुनु अस्वाभाविक होइन । नेपालका सन्दर्भमा सरकार, सरकार प्रमुख, राजनीतिक दल र दलको नेतृत्व पक्ति सबैभन्दा विवादित छन् । अझ, पछिल्लो समय त झन् अत्याधिक मूल्यवृद्धिका कारण सर्वसाधारण जनता मारमा परिरहे पनि त्यसको नियन्त्रण तथा रोकथाममा सरकार र राजनीतिक नेतृत्वले ध्यान दिन सकिरहेका छैन । जनता विभिन्न खाले समस्याबाट पीडित हुँदै गर्दा जनताका समस्याप्रति पूर्ण रूपमा उदासीन हुँदा सरकार र राजनीतिक दलप्रति वितृष्ण पैदा भएको छ ।

राजनीतिक दलहरूमा आफूले जे गरे पनि हुने सर्वसत्तावादी सोंच हाबी भइरहेको छ । सत्तामा जानुभन्दा अघि लोकतन्त्र, सविधानवाद र विधिको शासनको चर्को वकालत गर्नेहरू जब सत्तामा जान्छन्, त्यसपछि उनीहरूबाटै लोकतन्त्र, सविधानवाद र विधिको शासनको खिल्ली उडाउने काम गरिन्छ । अहिले त्यस्तै अवस्था देखिएको छ । राजनीतिक स्थायित्व, सुशासन र जनताको जीवनस्तरमा सुधार ल्याउनु आजको आवश्यकता हो । तर, देशका मुख्य राजनीतिक दलहरू अझै पनि आपसी शक्ति संघर्ष, पद–प्राप्ति र प्रतिशोधको राजनीतिमा अल्झिएका छन् । यसले अनेकन् खालका प्रश्न उठाएको छ । जनतालाई विचलित बनाएको छ । कता–कता व्यवस्थामाथि नै प्रश्न उठाउने अवस्था बनाएको छ । त्यसैले अब ढिलो नगरिकन ठूला दलहरूले आफूले पाएको जिम्मेवारीको गाम्भीर्य बुझी असहमतिका बिच पनि सहकार्य गर्ने राजनीतिक संस्कारको विकास गर्न जरुरी छ ।

## Opinion @ Social Network


लास जलाएर फर्किएको मान्छे त फेरि त्यहि ठाँउमा गएर जल्नु पर्छ
भने तिमि के का लागि घमन्ड गर्छौं ।
*(मनिषा आलेको फेसबुक स्टाटसबाट www.facebook.com/Manisha.Ale)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सेवानिवृत्त हुनु सक्रियताबाट निवृत्त हुनु होइन



**प्रा. देवीभक्त ढकाल**

*सेवाबाट अवकाश लिनुभनेको क्रियाशीलता र भूमिकाको समाप्ति किमार्थ होइन बरू नयाँ भूमिकामा थप क्रियाशीलता प्रदर्शन गर्ने अवसर हो । सेवानिवृत्त हुनुभनेको स्वतन्त्र हुनु हो । स्पष्ट भन्नुपर्दा नयाँ योगदानको अवसर प्राप्त गर्ने सुनौलो जीवनको सुरुवात पनि हो । सेवानिवृत्तहरू भनेका अनुभव, ज्ञान र सीपका खानी हुन् । परिपक्वताले भरिएको ज्ञान र सीप विश्वका विश्वविद्यालयहरूले दिन नसक्ने अमूल्य सम्पत्ति सेवानिवृत्तहरूसँग हुन्छ । सेवानिवृत्तसँग अन्तरनिहित अनुभव, ज्ञान र सीपको सदुपयोग भएन भने राष्ट्रको ठूलो क्षतिभन्दा पनि देश र जनताको दुर्भाग्यको सूचक हो । ज्येष्ठ नागरिकको अथाह ज्ञान र सीप रूपी सम्पत्तिप्रति राज्य अझैसम्म बेखबर हुनु ज्ञान, अनुभव र सीपलाई परिचालन गर्ने कार्यक्रमसम्म नबन्नु भनेको राज्यको अकर्मण्यता हो । सेवानिवृत्तको अनुभव, ज्ञान, सीप वास्तवमा नयाँ पुस्ताले मार्गदर्शन, प्रेरणा पाउने प्रमुख स्रोत भनेकै अनुभवी र परिपक्व सेवानिवृत्त पुस्ता हो ।*

मानव जीवनका विभिन्न चरण हुन्छन् । तसर्थ मानवका चरणबद्ध भूमिका र विशेषता हुन्छन् । कुनै संस्थामा सेवारत रहँदा व्यक्तिले आफ्नो समय, सीप र ऊर्जालाई कार्यरत संस्थाको सञ्चालन र उत्थानमा खर्च गर्छ । जब व्यक्ति नियमत: सेवानिवृत्त हुन्छ उसले सेवाबाट मात्रै होइन क्रियाशीलताबाट निवृत्त भएको अनुभूति गर्छ भने त्यो समाज, राष्ट्र साथै व्यक्ति स्वयंलाई धोखा हो । सेवाबाट अवकाश लिनुभनेको क्रियाशीलता र भूमिकाको समाप्ति किमार्थ होइन बरू नयाँ भूमिकामा थप क्रियाशीलता प्रदर्शन गर्ने अवसर हो । सेवानिवृत्त हुनुभनेको स्वतन्त्र हुनु हो । स्पष्ट भन्नुपर्दा नयाँ योगदानको अवसर प्राप्त गर्ने सुनौलो जीवनको सुरुवात पनि हो । सेवानिवृत्तहरू भनेका अनुभव, ज्ञान र सीपका खानी हुन् । परिपक्वताले भरिएको ज्ञान र सीप विश्वका विश्वविद्यालयहरूले दिन नसक्ने अमूल्य सम्पत्ति सेवानिवृत्तहरूसँग हुन्छ । सेवानिवृत्तसँग अन्तरनिहित अनुभव, ज्ञान र सीपको सदुपयोग भएन भने राष्ट्रको ठूलो क्षतिभन्दा पनि देश र जनताको दुर्भाग्यको सूचक हो । ज्येष्ठ नागरिकको अथाह ज्ञान र सीप रूपी सम्पत्तिप्रति राज्य अझैसम्म बेखबर हुनु ज्ञान, अनुभव र सीपलाई परिचालन गर्ने कार्यक्रमसम्म नबन्नु भनेको राज्यको अकर्मण्यता हो । सेवानिवृत्तको अनुभव, ज्ञान, सीप वास्तवमा नयाँ पुस्ताले मार्गदर्शन, प्रेरणा पाउने प्रमुख स्रोत भनेकै अनुभवी र परिपक्व सेवानिवृत्त पुस्ता हो । हामी शारीरिक श्रम गर्नुलाई मात्रै सक्रियता भन्ने बुझ्छौं । बौद्धिक काम, मानसिक तन्दुरुस्ती, सामाजिक संलग्नता र रचनात्मक कामको निरन्तरताले मानिसलाई सक्रिय, क्रियाशील र ऊर्जाशील बनाउँछ । बौद्धिक व्यक्ति सेवानिवृत्त हुनुभनेको अब देश, काल, परिस्थिति, वस्तुस्थितिको साथै राजनीतिको र समाजको विश्लेषण, मूल्यांकन, समीक्षा, समालोचनात्मक कृतिको लेखन र प्रकाशनको उर्वर समय हो । त्यसलाई लेखनका माध्यमले सदुपयोग गरेन भने उसले जीवनलाई बुझेन ।

मानवको क्षणभंगुर जीवनलाई स्थायित्व दिने शक्ति लेखनमा हुन्छ । बोलीले व्यक्त गरिएका विचार हावासँगै हराउँछन् तर लेखिएका शब्द समय र पुस्ता पार गर्दै अनन्तकालसम्म जीवित रहन्छन् । लेखन केवल शब्दको खेल होइन । यो विचार, अनुभव र भावनाको संरक्षण हो । लेख्दा हामी आफ्ना सोचहरूलाई व्यवस्थित गर्छौं । नयाँ दृष्टिकोण पाउँछौं र आत्मपरीक्षणमार्फत आत्मविश्वास जगाउँछौं । हरेक वाक्यसँग हामी आफैँसँग संवाद गर्छौं । हाम्रा कमजोरी, उपलब्धि र सपना सबै कागजमा प्रतिबिम्बित हुन्छन् । लेखन वास्तवमा आत्मज्ञानको यात्रा हो । समाजको विकासमा लेखनको योगदान अतुलनीय छ । ज्ञान, विज्ञान, संस्कृति र इतिहास सबै लेखनमार्फत पुस्तान्तरण हुँदै आएका छन् । लेखन एउटा यस्तो सेवा र धर्म हो जसले व्यक्तिको अनुभवलाई हजारौं मानिसको जीवनमा प्रेरणा र मार्गदर्शन गर्छ । लेखनमा क्रियाशील हुनुभनेको सिर्जनशील हुनु हो । त्यो सिर्जनशीलता नै बौद्धिक वर्गको पहिचान हो । जब हामी कथा, कविता, निबन्ध, लेख वा अनुसन्धानका विषयवस्तुमा लेख्छौं, हामी केवल जानकारी दिइरहेका हुँदैनौं । हामी भावनालाई र विचारलाई जीवन दिइरहेका हुन्छौं । सिर्जनशीलतामा संलग्न रहँदा जीवनमा उत्साह, आत्मतृप्ति र उद्देश्य प्राप्तिको अनुभूति हुन्छ । यसले व्यक्तिको मानसिक र शारीरिक स्वास्थ्यमा सकारात्मक प्रभाव पार्छ । यसर्थ लेखनमा क्रियाशीलता केवल व्यक्तिगत शौख होइन, यो सामाजिक र सांस्कृतिक योगदान हो । लेखन अमरत्व प्राप्त गर्ने साधना र तप हो । जसले आफ्नो विचार, अनुभव र ज्ञानलाई कलममार्फत संसारसँग बाँड्छ । सिर्जनाले आफ्नो क्षणभंगुर जीवनलाई अमर बनाउँछ । उत्तरार्धमा बौद्धिक जगतले अमरत्व प्राप्त गर्ने खेती हो लेखन र प्रकाशन । सेवानिवृत्त बौद्धिक व्यक्ति स्वतन्त्र लेखक, अनुसन्धानकर्ता, सामाजिक अभियन्ता, राजनीतिकर्मी, सल्लाहकार वा नयाँ पेशा वा व्यवसायका सल्लाहकारको भूमिका निर्वाह गर्न सक्षम हुन्छन् । उनीहरूको ज्ञान, सीप आदिलाई अभिलेखीकरण र पुस्तान्तरण गरियो भने राष्ट्रिय विकासमा उनीहरूको योगदान कोसेढुंगा बन्नसक्छ । तसर्थ सेवानिवृत्त भनेको व्यक्तिमा भएको ऊर्जाको र समयको अर्थात् सिर्जनशीलताको अन्त्य किमार्थ होइन बरू नयाँ भूमिका र नयाँ जीवनको महत्वपूर्ण अध्यायको सुरुवात हो । आलस्यलाई त्याग्नु भनेको शरीरलाई निरोगी, स्वस्थ्य राख्ने लगनशीलता र तत्परताबाट युवा पुस्तालाई प्रत्यक्ष–अप्रत्यक्ष रूपमा शिक्षित र दीक्षित गर्नु हो । सेवानिवृत्त हुनुभनेको एउटा भूमिकाबाट निवृत्त हुनु हो भने अर्को अमरत्व प्राप्त गर्ने लेखन र महत्वपूर्ण सामाजिक उत्तरदायित्व निर्वाहन गर्ने भूमिका सुनौलो अवसर हो । सेवानिवृत्त समाजका बत्ती हुन् । बत्तीको विशेषता आफू सक्किँदै अरूलाई उज्यालो दिनु हो । सेवानिवृत्त व्यक्ति बत्ती झैं आफ्नो जीवनको उत्तरार्धमा पनि आर्जित, सञ्चित ज्ञान र सीप आदिलाई अरूको जीवनमा उज्यालो छर्न त्यसलाई बाँड्छन् । दशकौंदेखिको सेवाकालले मानिसलाई अथाह अमूल्य ज्ञान दिन्छ । यो ज्ञान, अनुभव र सीपरूपी सम्पत्ति व्यक्तिको निजी नभएर यो राष्ट्र र समाजको सामूहिक धरोहर हो । यदि सेवानिवृत्त ज्येष्ठ नागरिकमा सन्निहित ज्ञान र सीप युवामा स्थानान्तरण र भावी पुस्तामा पुस्तान्तरण भएन भने देश र समाज ज्ञान, अनुभव र सीपको उज्यालोबाट वञ्चित हुन्छ । सेवानिवृत्त ज्येष्ठ नागरिकको सकारात्मक सोच, शान्त स्वभाव र जीवनभर प्राप्त अनुभव आदिले युवा पुस्तालाई जुन प्रेरणा दिन्छ त्यो प्रेरणा विश्वका कुनै विश्वविद्यालयहरूका पाठ्यक्रमले दिन सक्तैनन् । सेवानिवृत्त ज्येष्ठ नागरिकहरू समाजमा व्याप्त अन्धकारलाई नष्ट गर्ने आफू जल्दै अरूलाई प्रकाश दिने बत्ती हुन् । उनीहरूको प्रकाशले समाजलाई नैतिक, बौद्धिक, भावनात्मक र चारित्रिक उज्यालो दिन्छ । उनीहरूको ज्ञान, अनुभव र सीपको उज्यालोले हाम्रो समाजलाई सधैं आलोकित बनाउनुपर्छ । सामुदायिक प्राकृतिक चिकित्सालय रजहरले स्थापनाकालमै ज्येष्ठ नागरिक आरोग्य आश्रमको संकल्प गरेको थियो । त्यो संकल्पलाई पूरा गर्न पन् वर्षपछि संस्थाका अध्यक्ष सन्तबहादुर क्षेत्रीको अध्यक्षतामा बसेको सञ्चालक समितिको बैठकले कार्यविधि बनाउने र आरोग्य आश्रमको संकल्पलाई मूर्तरूप दिने सन्दर्भमा यो स्तम्भकारलाई कार्यविधि बनाउने र कार्यान्वयनको वातावरण बनाउने जिम्मा दिएको छ । यसलाई मूर्तरूप दिन व्यवस्थापक हरि सापकोटाको विशेष भूमिका रहेको छ । हालसम्म चलनचल्तीमा रहेका वृद्धआश्रमभन्दा फरक शैलीमा सञ्चालन गर्ने कार्यविधि बन्ने क्रममा छ । यहाँ थाकेका र अशक्त वृद्धहरूलाई भन्दा अनुभव, ज्ञान र सीपका धरोहरका रूपमा रहेका क्रियाशीलतालाई जीवन ठान्ने बौद्धिक ज्येष्ठ नागरिकहरूका लागि यो आरोग्य आश्रमको ढोका सधैं खुला रहनेछ । यस आश्रममा बस्ने ज्येष्ठ नागरिकहरूको स्वास्थ्यको जिम्मा प्राकृतिक चिकित्सालयले लिने र बौद्धिक ज्येष्ठ नागरिकहरूले चिकित्सालयको अभिभावकत्वको जिम्मा लिने नारा यसअघि २०८१ फागुनको एक गतेदेखि सात गतेसम्म अस्पतालले सञ्चालन गरेको एकहप्ते प्राकृतिक चिकित्साको प्रयोगात्मक स्वास्थ्य शिविरमा संलग्न विश्वविद्यालयहरूबाट सेवानिवृत्त प्राध्यापक र विश्वविद्यालयका पदाधिकारीसमेतको उपस्थितिमा चिकित्सालयले घोषणा गरेको थियो । अब यस चिकित्सा समाजलाई उपलब्ध गर्ने निकायको रूपमा मात्रै सीमित नभएर देशका सेवानिवृत्तहरूको ज्ञान, अनुभव र सीपको अभिलेखीकरण, हस्तान्तरण र पुस्तान्तरण केन्द्रको रूपमा विकास हुने विषयमा चिकित्सालय परिवारले गर्वका साथ पूर्वजानकारी गराउने अवस्था र व्यवस्थाप्रति आमनेपालीमा खुशी र जिज्ञासा उत्पन्न हुने विषय स्वाभाविकै भन्नुपर्छ । देशभरका ज्येष्ठ नागरिकका अनुभव र सीपलाई संकलन, अभिलेखीकरण, हस्तान्तरण र पुस्तान्तरण गर्ने महाअभियानमार्फत देशलाई विकासको नयाँ चरणमा प्रवेश गर्न आरोग्य आश्रमले मार्गनिर्देशन गरोस् यही शुभकामना ।

***–अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कार्यक्षेत्रमा मान सम्मानमा वृद्धि हुनेछ। आध्यात्मिक अध्ययनमा रुचि बढ्नेछ। | **तुला** : कार्यक्षेत्रमा आयस्रोत बढ्नेछ। साझेदारी व्यापारमा पारदर्शिता राख्नुहोस्। |
| **वृष** : राजनैतिक क्षेत्रमा सम्मान बढ्नेछ। जीवन साथीको स्वास्थ्यलाई लिएर चिन्ता रहला। | **वृश्चिक** : धन खर्चको सम्भावना रहेको छ। यात्रा गर्दा आफ्नो सामानको खयाल राखौं। |
| **मिथुन** : धन वा सुखमा वृद्धि हुनेछ। नयाँ ज्ञान र अनुभव प्राप्त हुनेछ। | **धनु** :समाजमा मान प्रतिष्ठा बढ्नेछ। पहिला गरेको कार्यको राम्रो प्रतिफल मिल्नेछ। |
| **कर्कट** : कामको जिम्मेवारी बढ्नेछ। आर्थिक कार्यमा गरेको प्रयास सफल रहनेछ। | **मकर** : व्यापार व्यवसायलाई लिएर यात्रा गर्नुपर्ला। प्रेम सम्बन्ध सुमधुर रहनेछ। |
| **सिंह** : कार्यक्षेत्रमा हजुरको इच्छाको पूर्ति हुनेछ। नयाँ नोकरीमा सफलता पाइनेछ। | **कुम्भ** : कार्यहरू सम्पादन गर्ने समय रहेको छ। सन्तान पक्षबाट शुभ सूचना मिल्नेछ। |
| **कन्या** : योजना हरु सफल रहने छन्। आफन्तहरूसँग रमाइलो समय बित्नेछ। | **मीन** : विश्वासपात्रबाट धोका मिल्न सक्छ। बोलीले गर्दा बनेको कार्य बिग्रिन सक्ला। |

कला मनोरञ्जन

# विष्णु माझी : जसको गीतविना आउँदैन तीज !



वर्षभरि सांगीतिक हिसाबले प्राय: गुमनाम । व्यक्तिगत जीवन त त्यसै गुमनाम झैं छ उनको । जसै तीज आउँछ, अनि उनको गुमनाम सांगीतिक जीवनले चर्चाको शिखर चुम्छ । नि:सन्देह प्राय: तीजमा मात्रै झुल्किने र लोकसंगीतको पारो चढाउने गायिका हुन् विष्णु माझी । विष्णु माझी र तीज एकअर्काका पर्याय झैं बनेका छन् । तीजका लागि भनेर अरु लोकप्रिय गायक-गायिकाका गीतहरु एकपछि अर्को आइरहेका छन् । तर पनि विष्णु माझीका गीत नआएसम्म तीज आए झैं लाग्दैन भन्छन् श्रोता । हरेक तीजमा विष्णुको एक गीत सार्वजनिक हुन्छ । अनि त्यसले एकखालको हंगामा नै मच्चाउँछ । गत वर्ष आयो 'आइनँ आमा', जसले त्यसबेला आएका सयौं तीज गीतलाई छायामा पारिदियो । यो गीतलाई युट्युबमा हालसम्म २ करोड ४० लाख भन्दा बढी पटक हेरिएको छ । अघिल्ला वर्षहरुमा 'चरी जेलैमा' जस्ता गीतले संगीतप्रेमी लठ्ठ बनाए ।

**आखिर किन खोजिन्छ तीजमा विष्णु माझी ?**

सर्जक शिव हमाल विष्णुको स्वरको 'अलौकिक' जादु नै खोजिनुको मुख्य कारण रहेको बताउँछन् । 'उहाँको जस्तो अलौकिक स्वर न हिजो थियो, न भोलि हुनेछ,' हमाल भन्छन्, 'एक युगमा एकचोटि एउटा व्यक्तिले पाउने स्वर र कला उहाँमा छ । मौलिकता, मिठास र पीडा बोल्न सक्ने क्षमता नै उहाँको स्वरको ठुलो शक्ति हो ।' गायिका लक्ष्मी न्यौपाने मीठो स्वरकै कारण विष्णु सबैको मनमा बस्न सफल भएको बताउँछिन् । 'उहाँको आवाजले सबैको मनमुटु छुन्छ । त्यसैले नै उहाँ रोजाइमा पर्नुहुन्छ,' गायिका न्यौपाने भन्छिन्, 'त्यति मीठो आवाज छ, जुन कल्पना गर्न सकिन्न ।' लोकगायक पुरुषोत्तम न्यौपाने विष्णु आवाजले सांगीतिक तिर्खा मेटाउने बताउँछन् । 'स्वर एकदमै राम्रो हो । तिर्खा मेटाउने खालको छ,' उनी भन्छन् । विष्णु माझीको स्वरमा मिठास त छ नै, पीडा व्यक्त गर्न सक्ने क्षमता पनि उत्तिकै छ । गायकीको यति चर्चा हुँदा विष्णुको व्यक्तिगत जीवन भने रहस्यमयी लाग्छ । उनी न कुनै सार्वजनिक स्थानमा भेटिन्छिन्, न कुनै कार्यक्रममा देखिन्छिन् । मिडियामा अन्तर्वार्ता त परको कुरा सामाजिक सञ्जालमा पनि कतै देखिन्नन् । बस्, वर्षमा एक गीत दिन्छिन्, सांगीतिक तिर्खा मेटाइदिन्छिन् र हराउँछिन् । यसैकारण उनको व्यक्तिगत जीवन सांगीतिक जीवन भन्दा बढी चर्चाको विषय बनिरहेको छ । गायिका देवी घर्ती मगर रहस्यमयी ढंगले बस्ने भएकाले पनि उनको खोजी बढी भएको हुनसक्ने बताउँछिन् । 'विष्णु माझीलाई लुकेको भएर खोजेको होला नि,' गायिका घर्ती भन्छिन्, 'जताततै नभेटिने, कार्यक्रममा नआउने, गीत पनि हतपत नल्याउने, मान्छेले सम्पर्क गर्दा नि नभेट्नेलाई खोजी त गरिन्छ नै ।' देवीको विचारसँग सहमत जनाउँछन् पुरुषोत्तम न्यौपाने । उनी विष्णुलाई दुर्लभ गायिका मान्छन् । 'पछिल्लो समय स्टेजहरूमा उहाँ देखिन्नुहुन्न । पहिला आफूले नचाहेरै होला, पछि अब चाहेर पनि फेरि आयोजकले पनि अब नआउनेलाई किन बल गरिरहने भन्ने पनि भायो होला,' गायक न्यौपाने भन्छन्, 'मिडियाहरूले पनि भेट्न नपाउने, बोल्न नपाउने भनेपछि खोजी त गर्छन् नै ।' दुर्लभताले नै उहाँको नयाँ गीत आउँदा एक प्रकारको उत्सव जस्तै हुने उनी बताउँछन् । हिजोआज तीज गीतले आफ्नो मौलिकता बिर्सिँदै गएको भन्दै आलोचना पनि हुने गरेको छ । तीजका गीत भड्किला र छाडा भएको भन्दै सेन्सरको माग समेत उठ्ने गरेको छ । यस्तोमा विष्णुका गीतमा भने तीजको वास्तविक मर्म, महिलाका पीडा र मौलिकता हुन्छ । यसले पनि उनी तीजमा बढी सम्मानित गायिका बनेकी छिन् । 'पछिल्लो समय भड्किला, चड्किला गीतहरू आइरहेको बेला महिलाको पीडा, व्यथा समेटेर मन छुने गीत विष्णु माझीकै हुन्छ । त्यो नै सबैको रोजाइमा पर्छ,' गायिका लक्ष्मी न्यौपाने भन्छिन् । विष्णुका गीत मार्मिक त छन् नै, नाच्न मिल्ने खालमा पनि छन् । जसले तीजलाई अरु खास बनाउँछ ।

गायिका तथा राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठानकी अध्यक्ष रीता थापामगर विष्णुले समाजले खोजेको जस्तो भाका र शब्दमा गीत ल्याउने भएकाले बहुप्रतीक्षित हुने बताउँछिन् । 'उहाँको गीतमा मिठासपन हुन्छ, संस्कारको कुरा हुन्छ । वर्षमा एउटा गीत मात्र निकाल्नुहुन्छ, त्यसमा पनि लगानी राम्रो गरेर अडियो र भिडियो निकाल्नुहुन्छ,' थापा भन्छिन्, 'त्यसले गर्दा पनि दर्शक-श्रोताले खोज्छन् ।' विष्णुसँगै उनका श्रीमान् सुन्दरमणि अधिकारीको पनि चर्चा हुन्छ । विष्णुका सबै गीतमा सुन्दरमणिकै शब्द तथा संगीत हुन्छ । 'सुन्दरमणिको सिर्जना र विष्णु माझीको आवाजको संयोजनले नै हरेक वर्ष अब्बल प्रस्तुति सम्भव भएको हो,' गायक शिव माझी भन्छन् । विष्णु माझी तीजको एक ब्रान्ड बनिसकेकी छिन् । उनको गीत नआउँदासम्म तीज अपुरो लाग्ने बानी भइसक्यो श्रोता-दर्शकमा । सबैलाई गीतसँगै चासो हुने कुरा छ- आखिर व्यक्तिगत जीवन चाहिँ किन गुमनाम छ विष्णु माझीको ?

***-रातोपाटी डटकम***

# वेम्बलीमै रचियो अर्को 'नेपथ्य' इतिहास



'नेपथ्य'ले १२ वर्षअघि जुन हलमा मानक खडा गरेको थियो, त्यही हलमा अझ ठूलो सफलतासाथ नयाँ इतिहास रचना गरेको छ । बेलायतको सुप्रसिद्ध वेम्बली एरिनामा शनिबार बेलुकी खचाखच १० हजार दर्शकमाझ नेपथ्यले भव्य प्रस्तुति दिएको छ । विश्वकै व्यस्त सहरमा आयोजित कन्सर्टलाई दर्शकले उत्सव जस्तै बनाए र त्यसमा उनीहरू सुरुदेखि अन्त्य सम्मै रमाए । कन्सर्टको माहोल बुझ्न दर्शक मन्जरी दवाडी ( फेसबुकमा एन्जल मन्जरी) कै भिडियो पोस्टहरू पर्याप्त छन् । भिडियो पोस्टमा उनी हलबाहिर विशाल परिसरको वातावरण र लामबद्ध दर्शक देखाउँछिन् । त्यसपछि हलभित्र दर्शकको अपार उपस्थिति देखेर उनमा उत्साह पनि बढ्दै जान्छ । कन्सर्ट सुरु हुनै लाग्दा प्रस्तुत म्युजिक भिडियोमा बजेको 'सा कर्णाली' गीत सुनेपछि र अघिल्तिर नेपालका दृश्यहरू देखेपछि मन थाम्न सक्दिनन् आँसु बग्छ ।

त्यसपछि कन्सर्टभरि उनी गीत सुनेर रमाउँछिन् । स्वदेशबाट बाहिरिएका तन्नेरीका लागि नेपाल, नेपाली गीत र नेपथ्यले कति महत्व राख्छ भन्ने ज्वलन्त उदाहरण उनका पोस्टहरूमा बगेका सरल र फदयस्पर्शी भिडियो बन्न पुगेका छन् । सदाझैँ घडी देखाएर तोकिएको समयमै सुरु भएको कन्सर्टमा ब्यान्डले पहिलो सौगात 'कोशीको पानी' प्रस्तुत गरेको थियो । चौथो क्रम मा थियो 'आँगनैभरि' । ब्याण्ड स्थापना हुनुभन्दा निकै पहिले गायक अमृत गुरुङले यस गीतलाई कास्कीको याङ्जाकोटमा बस्दा रचना गरेका थिए । त्यस गाउँमा बास दिने बाल्यकालका साथी पुस्कल गुरुङ यस गीतको रचनाका साक्षी पनि हुन् । लन्डनमा शनिबार यो गीत प्रस्तुत भइरहँदा दर्शकदीर्घामा पुस्कल पनि उपस्थित थिए । 'गाउँमा आफ्नै अघिल्तिर गितार बजाउँदै अमृतले तयार पारेको यस गीतले झन्डै ३५ वर्षपछि पनि लन्डनको यस्तो भव्य समारोहमा मेरै सामुन्ने यति मानिसलाई मग्न बनाउला भन्ने त कल्पनामा पनि थिएन,' स्वास्थका कारण नेत्रज्योति गुमाउँदै गएका पुस्कल भावुक हुँदै भनिरहेका थिए, 'वेम्बलीमा शनिबार इतिहास रचिएको छ । त्यो इतिहासको साक्षी बन्न पाउँदा म धन्य महसुस गर्दै छु ।' गायक अमृतले कन्सर्टमा गीत मात्र प्रस्तुत गरेनन्, गीत सङ्कलनको अनुभव सुनाए, नेपाली भाषा र संस्कृति जगेर्नाका लागि प्रेरित गरे, स्वदेशको महिमा बयान गर्दै बिदेसिएका तन्नेरीलाई स्वदेशसँग जोड्ने किसिमको आह्वान पनि गरे । 'समाजका विषयमा मनमा लागेका कुरा बोलिरहँदा दर्शकबाट जहिले पनि उत्साहसाथ समर्थन पाउँदै आएको छु,' अमृत भन्छन्, 'लन्डनको यति ठूलो दर्शक घेराले तिनै कुरालाई चर्को आवाजसहित मन पराइदिँदा छाती सगरमाथाजस्तै अग्लो र बलियो भएको महसुस गरेँ ।' कन्सर्टको अर्को महत्त्वपूर्ण पक्ष दर्शकबाट आएको 'वान्स मोर'लाई ब्यान्डले अस्वीकार गर्न नसक्नु रह्यो । अन्तिम प्रस्तुति 'रातो र चन्द्रसुर्जे' प्रस्तुत गरेपछि ब्यान्ड मञ्चबाट बिदा हुने परम्पराजस्तै छ । तर शनिबार वेम्बलीमा दर्शकको अनुरोधलाई सम्मान गर्दै ब्यान्डले थप प्रस्तुतिका रूपमा 'हिमाल चुचुरे' सुनायो । मञ्चमा अमृतलाई ड्रमसेटमा ुव लामा, बेस गितारमा सुविन शाक्य, गितारमा नीरज गुरुङ, मादलमा शान्ति रायमाझी र किबोर्डमा दिनेशराज रेग्मीले सघाएका थिए । 'विश्वप्रसिद्ध वेम्बलीमा नेपथ्यलाई उभ्याउने योजना १२ वर्षपहिले नै कोसेढुङ्गाका रूपमा सफल भइसकेको थियो,' ब्यान्डलाई व्यवस्थापन गर्दै आएको नेपालयका किरणकृष्ण श्रेष्ठ भन्छन्, 'आज फेरि नेपथ्यले यसै हलबाट पुरानो मानकलाई छिचोलेको मात्र छैन, सम्भवत: नेपाली सङ्गीतकै इतिहासमा बन्द हलभित्र पहिलोपटक यति धेरै दर्शक जुटाउन सफल भएका छौँ ।' कन्सर्ट हेर्न लण्डन सहरभन्दा निकै परका दर्शक पनि आएका थिए । तिनमा नेदरल्यान्ड्सदेखि सपरिवार आएका विल्को पनि थिए । हालै प्रकाशित नेपथ्यको जीवनी पुस्तकमा मेडिकल फिजिसिस्ट विल्कोबारे उल्लेख छ । गायक अमृतको स्वर सुक्दै गएपछि घाँटीको उपचारमा उचित सल्लाह सुझाव दिनेमध्ये विल्को पनि एक हुन् । १२ वर्षअघि वेम्बलीमै कन्सर्ट सकिएपछि ब्याकस्टेजमा अमृतले आफ्नो घाँटीले साथ दिन छाडेको फदयविदारक अभिव्यक्ति दिँदा दुवै पुराना साथी एकअर्कालाई हेरेर भावुक बनेका थिए । 'तर यसपाला गजब भयो,' शनिबारको कन्सर्ट हेरिसकेपछि विल्कोको प्रतिक्रिया थियो, 'अमृतलाई उही पुरानै ऊर्जाका साथ मञ्चमा उफ्रँदै र नाच्दै गाइरहेको देख्दा खुसीको सीमा नै रहेन।' विदेशमा बसोबास गर्दै आएका नेपालीलाई उनीहरूको दैलोसम्मै नेपाल लगिदिने अमृत र उनको टिमको योगदान प्रशंसनीय रहेको उनी बताउँछन् । यसपटकको वेम्बली यात्रा बेलायतकै 'बीएसके इन्टरटेनमेन्ट' र 'पर्चा प्रोडक्सन' ले आयोजना गरेका हुन् । 'शो हेर्ने १० हजार दर्शकका लागि आजको साँझ जीवनकै अविस्मरणीय बनेको छ,' आयोजक टोलीका दीपेन्द्र लामाको प्रतिक्रिया थियो, 'वेम्बलीमा नेपथ्यको इतिहास यसरी भव्यतासाथ पुनर्लेखन गर्न सहयोग गर्नुभएका सबैप्रति आभार प्रकट गर्छु ।' वेम्बली एरिनामा प्रस्तुतिलगत्तै नेपथ्य टोलीले अब युरोपको शृङ्खलाबद्ध यात्रा गर्दै छ । त्यस क्रममा अगस्त २३ मा डेनमार्कको राजधानी कोपेनहेगनमा नेपथ्य प्रस्तुत हुनेछ । त्यसपछि २७ तारिखमा माल्टाको आटार्ड, ३१ तारिखमा पोर्चुगलको लिस्बन हुँदै अन्तिममा सेप्टेम्बर ३ मा बेल्जियमको एन्थ्रोपेन सहरमा प्रस्तुत भएर यात्रा टुङ्गिनेछ ।

***-अनलाइन खबर डटकम***

# दीपिका पादुकोणको रिल्सले रच्यो विश्व कीर्तिमान



बलिउड अभिनेत्री दीपिका पादुकोणले इन्स्टाग्राममा नयाँ विश्व कीर्तिमान कायम गरेकी छन् । हालैमात्र हलिउडको 'वाक अफ फेम'मा नाम समेटिने पहिलो भारतीय कलाकार बनेकी दीपिकाले अब इन्स्टाग्राममा सबैभन्दा धेरै हेरिएको रिल्स बनाउने कीर्तिमानसमेत बनाएकी हुन् । दीपिकाको एक रिल्स भिडिओलाई पछिल्लो समयसम्म एक अर्ब ९० करोड (१.९ बिलियन) पटक हेरिएको छ । यो संख्या इन्स्टाग्राम इतिहासकै सबैभन्दा धेरै भ्यूज भएको रिल्स मानिन्छ । यसअघि भारतीय क्रिकेटर हार्दिक पाण्ड्याको रिल्सलाई १.६ बिलियन र फुटबल स्टार क्रिस्टियानो रोनाल्डोको रिल्सलाई ५०३ मिलियन भ्यूज आएको थियो । दीपिकाले यी दुबैको कीर्तिमान उछिनेर शीर्ष स्थानमा पुग्न सफल भएकी हुन । उक्त रिल्स अमेरिकास्थित हिल्टन होटलमा छायांकन गरिएको थियो । यसमा दीपिका र हिल्टन होटलबीच पेड पार्टनरसीप रहेको जनाइएको छ । हाल दीपिकालाई इन्स्टाग्राममा करिब आठ करोड फलोअर्स छन् । सामाजिक सञ्जालमा उहाँको बढ्दो प्रभावले भारतीय कलाकारहरूको अन्तर्राष्ट्रिय पहिचानलाई थप बलियो बनाएको विश्लेषण गरिएको छ ।

***-इहिमालय टाइम्स डटकम***

# दयाहाङ र रिश्मा बिनै 'रिमै'ले थाल्यो प्रचार अभियान




आगामी भदौ २० गतेदेखि 'कबड्डी' जोडी दयाहाङ राई र रिश्मा गुरूङको मुख्य भूमिका रहेको फिल्म 'रिमै' प्रदर्शनमा आउने तयारीमा छ । दुई साताअघि सार्वजनिक टिजरले दर्शकमाझ चर्चा बटुलिरहँदा टिमभित्र भने विवाद देखिएको छ । निर्माताले प्राविधिकदेखि कलाकारसम्मको पूरा पारिश्रमिक अझै तिर्न बाँकी हुँदा फिल्मका मुख्य कलाकारले नै प्रचार बहिष्कार गरेका छन् । दयाहाङले सबैको पारिश्रमिक फछ्र्यौट नभएसम्म फिल्मको प्रचार नगर्ने अडान लिएर बसेका छन् । यही कारण उनले पोस्टर र टिजर समेत सेअर गरेका छैनन् । रिश्माले भने आफ्नो क्यारेक्टर पोस्टरलाई नै फेसबुकको प्रोफाइलमा राखेकी छन् । यसको अर्थ उनी टिमसँग असन्तुष्ट छैनन् । तर, हाल उनी अमेरिकामा भएकाले फिल्मको प्रचारमा प्रत्यक्ष रूपमा सहभागी हुन सकेकी छैनन् । फिल्मका दुई प्रमुख कलाकार प्रचारमा उपलब्ध नभए पनि निर्माण टिमले अब आफ्नै हिसाबले प्रचार अभियान सुरू गरेको छ । शनिबार ३१औं विश्व आदिवासी दिवसको अवसरमा काठमाडौंका विभिन्न ठाउँमा सम्पन्न र्‍यालीमा फिल्मका निर्देशकसहितको टिम सहभागी भयो । त्यस र्‍यालीमा सहभागी अधिकांशले 'रिमै'को टिसर्ट पहिरिएका थिए । जसमा केही विदेशी पर्यटकहरू पनि थिए । फिल्मको टिम र्‍यालीमा आदिवासी समुदायको मौलिक पहिचान र संस्कृति जगेर्ना गर्ने सन्देशसहित सहभागी भएको थियो । निर्देशक खिल बहादुर गुरुङले फिल्ममा पनि आदिवासी समुदायको यथार्थ कथा, संस्कृति र चुनौतीलाई प्रभावकारी ढंगमा प्रस्तुत गरिएको बताए । उनका अनुसार फिल्मले आदिवासी समुदायको संस्कृति र रितिरिवाजको जगेर्ना गर्न महत्त्वपूर्ण भूमिका खेल्नेछ । उपेन्द्र सुब्बाको लेखन रहेको 'रिमै'मा दयाहाङ र रिश्मासहित गौमाया गुरूङ, कविता आले, माओत्से गुरूङ, पुस्कर गुरूङ, वीरमाया गुरूङ, वीरवल घले, डिवी गुरूङ, टेक गुरूङ, असिम सुब्बा लगायतको अभिनय छ । शैलेन्द्र ध्वज कार्कीको छायांकन रहेको यो फिल्ममा वीरवल घले कार्यकारी निर्माताामा छन् भने निर्माताहरू टीका गुरूङ, जित यात्री गुरूङ र दुनबहादुर घले हुन् ।

***-फिल्मी खबर डटकम***

# तानसेनमा देखाइयो बाघ जात्रा




**पाल्पा,** साउन २७/जिल्लाको सदरमुकाम तानसेनमा बाघ जात्रा देखाइएको छ । प्रत्येक वर्ष रोपाइँजात्राको भोलिपल्ट देखाइने बाघ जात्रा मंगलबार देखाइएको हो ।

बजारमा बाघका आकृतिसहितका किशोर तथा युवाले बाजा बजाएर बजार नाच्दै परिक्रमा गरेका थिए । दुई बाघ, घोडा, बाँदर र सिकारीको भेषमा बाजा र झ्यालीले रमाइलो बनाएको थियो । बाघलाई सिकारीले मार्न खोज्दै गरेको र बाजाको तालमा कार्य गरेको दृष्यले सबैलाई आकर्षित गराएको थियो । तानसेनमा हरेक वर्ष पाल्पाली नाट्य कला साँस्कृतिक समूह तानसेन -६ बसपार्कका युवा र बालबालिकाहरुले बाघ जात्रा देखाउने गर्दछन् । परापूर्वकालमा बाघको आतंकले तानसेनवासी आजित भएको र बाघलाई मनाउन बाघ जात्रा निकाल्ने प्रचलन रहेको जानकारहरु बताउँछन् । परापुर्वकालदेखि मनाईँदै आएको बाघजात्रा पछिल्ला वर्षहरुमा हराउन थालेको संस्कृतिविद् मदन देउरालीले बताए । परापूर्वकालमा बस्ती कम र जनसंख्या पनि कम तथा जंगल घना भएकाले जंगली जनावरले गाउँलेलाई असाध्यै सताउँथे । बाघले निकै सताउँथ्यो । त्यसपछि बाघ जात्रा निकाल्ने चलन चलेको उनले बताए । केही समय अघिसम्म उत्सवको रुपमा निकालिने बाघ जात्रा पछिल्लो वर्ष भने पर्व धान्नको लागि मात्र भए पनि देखाउने गरिएको छ । परम्परागत रुपमा मनाइंदै आइएको बाघजात्रा पछिल्ला वर्षहरुमा भने हराउँदै जान थालेपछि पुराना पुस्ताहरु भने चिन्तित छन् ।

उनीहरुले पुराना संस्कृति जर्गेनामा नयाँ पुस्ताले चाँसो दिनुपर्नेमा जोड दिन्छन् । जात्राको उजागर, संरक्षण तथा नयाँ पुस्तालाई हस्तान्तरण गर्ने उद्देश्यले अहिले जनतन जात्रा देखाउने गरिएको छ । काठमाडौंपछि सबैभन्दा बढी जात्रा मनाइने सहरका रुपमा मानिने तानसेनमा जनैपूर्णिमाको दिनदेखि लगातार दश दिनसम्म विभिन्न जात्राहरु मनाउने गरिन्छ ।

# आज विश्व सुलेखन दिवस मनाइँदै




**पाल्पा,** साउन २७/आज नेपालमा पनि 'विश्व सुलेखन दिवस' मनाइँदै छ । युवा, अक्षर लेखनसँग सम्बन्धित विभिन्न कार्यक्रम गरी यो दिवस मनाइँदै छ । हरेक वर्ष अगस्टको दोस्रो बुधबार विश्व क्यालिग्राफी दिवस मनाइन्छ र दिवस मार्फत अक्षर लेखनको सुनौलो प्रभावको विश्वव्यापी चर्चा गरिन्छ । सन् २०१७ बाट यस दिवस मनाउन सुरु गरिएको हो ।

काठमाडौं लगायत विभिन्न ठाउँहरुमा क्यालीग्राफरहरुको सम्मान र अक्षर लेखन गरी मनाइँने गरिएको हो । नेपालमा धेरै क्यालीग्राफरहरु छन्, जस्तै रञ्जना या देवनागिरि लिपि या अन्य कला लिपीको किन नहोस् । ब्रस या पेनले राम्रा अक्षरहरू लेख्ने कलालाई नै क्यालीग्राफी भनिन्छ र यस्ता क्यालीग्राफीहरुको डिजिटल फन्टहरूको सिर्जनामा ठूलो योगदान रहन्छ । क्यालीग्राफीमा अक्षरहरुमात्र नभई विभिन्न चिह्नहरू पनि बनाइन्छ । ति डिजाइनहरू र अक्षरहरू हेर्नको लागि मात्र एकदम सुन्दर नभईकन तिनीहरूले हाम्रो जीवनलाई नै नयाँ अर्थ दिने गरेका छन् । इतिहासका पानाहरू उक्काएर हेर्दा राम्रा र विशेष अक्षरहरू देवताको भाषा र ऊर्जाको माध्यमका रूपमा लिने गरिएको पाइन्छ । चीन, जापान र कोरियाजस्ता देशहरूमा त आज पनि क्यालीग्राफीलाई सुप्रिम कलाको रूपमा लिइन्छ ।

## खेलकुद समाचार

# स्पाइकर्सको प्रशिक्षकमा लोकबहादुर बुढा नियुक्त



**काठमाडौ,** साउन २७/ एभरेस्ट महिला भलिबल लिगको टोली काठमाण्डौ स्पाइकर्सले लोकबहादुर बुढालाई मुख्य प्रशिक्षकमा नियुक्त गरेको छ । काठमाण्डौले दोस्रो संस्करणका लागि बुढालाई मुख्य प्रशिक्षकमा नियुक्त गरेको हो । लोकेन्द्र बुढा अहिले विभागीय टोली त्रिभुवन आर्मी क्लबको प्रशिक्षकको भूमिकामा छन् । बुढाले आर्मीबाट खेलाडीका रूपमा पनि खेलेका थिए । पहिलो संस्करणमा काठमाण्डौ स्पाइकर्सको मुख्य प्रशिक्षकमा जगदीश भट्ट थिए । भट्ट नेपाली महिला राष्ट्रिय टोलीका मुख्य प्रशिक्षकसमेत हुन् । काठमाण्डौ स्पाइकर्सको मार्की प्लेअरमा नेपाली राष्ट्रिय महिला भलिबल टोलीकी स्पाइकर उषा भण्डारी छिन् । यस्तै टोलीमा मनिषा चौधरी, यमुना रसाइँली, रिमा कुँवर, वाल्मिका आचार्य, कमला पुन, आशिका क्षेत्री, भुवनेश्वरी चन्द छन् । यसअघि अक्शनबाट कविता भट्टलाई अनुबन्ध गरे पनि उनी अस्ट्रेलिया गएपछि उनको ठाउँमा भुवनेश्वरीलाई राखिएको हो । दोस्रो संस्करणको एभरेस्ट महिला भलिबल लिग आउँदो भदौ २० देखि २८ गतेसम्म पोखरामा हुनेछ । लिगमा साविक विजेता कर्णाली यशिवज, ललितपुर क्विन्स, काठमाण्डौ स्पाइकर्स, मधेश युनाइटेड, पोखरा निन्जाज र लुम्बिनी लाभा गरी ६ वटा टोली छन् ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# ओरालोतिर सेयर बजार



**पाल्पा,** साउन २७/सेयर बजार दोहोरो अंकले घटेर बन्द भएको छ । मंगलबार नेप्से परिसूचक २६ दशमलव २२ अंकले घटेर २ हजार ७ सय ९६ दशमलव २४ विन्दुमा अडिएको छ । अघिल्लो कारोबार दिन सोमबार नेप्से परिसूचक २७ दशमलव ९० अंकले घटेको थियो ।

नेप्से दोहोरो अंकले घटेसँगै कारोबार रकम पनि सोमबारको तुलनामा घटेको छ । यसदिन ३२३ स्क्रिप्सको १ करोड ७६ लाख ७१ हजार ६ सय ७५ कित्ता सेयर ६ अर्ब ९१ करोड ८९ लाख ८३ हजार ५०७ रुपैयाँमा खरिदबिक्री भए । सोमबार १० अर्ब २१ करोड मूल्य बराबरको सेयर कारोबार भएको थियो । सिटी होटलको सेयर सर्वाधिक सकारात्मक सर्किट लेभलमा कारोबार भयो । सो होटलको सेयर ९ दशमलव ९९ प्रतिशतले बढ्यो । सिकलेस हाइड्रोपावरका लगानीकर्ताले भने सर्वाधिक गुमाए । सो कम्पनीको सेयर ९ दशमलव ९९ प्रतिशतले घट्यो । उन्नति सहकारी लघुवित्त वित्तीय संस्थाको सेयर ८ प्रतिशतले घट्यो । कारोबार रकमका आधारमा नेपाल रिइन्स्योरेरुन्स शीर्षस्थानमा ह्यो। सो कम्पनीको २६ अर्ब बराबरको सेयर कारोबार भयो । यसैगरी हिमालयन रिइन्स्योरेन्सकले २३ करोड, लुम्बिनी विकास बैंकको २० करोड,शिवम् सिमेन्टको २० करोड र बुटवल पावरको १९ अर्ब बराबरको सेयर कारोबार भयो । कारोबारमा आएकामध्ये २४ वटाक स्टक्सको मूल्य बढ्दा २२५ वटाको घट्यो । होटल्स एण्ड टुरिजम समूहको उपसूचक १दशमलव ३२ प्रतिशतले बढ्दा अन्यको उपसूचक नकारात्मक देखिएका छन् ।

# हेपाटाइटिस रोगबाट बचौं

-हेपाटाइटिस कलेजोमा हुने एक प्रकारको संक्रमण हो,
-यस्तो संक्रमणले कलेजो बिग्रन सक्छ,
-हेपाटाइटिस A, B, C, D, र E गरी पाँच प्रकारका हुन्छन् ।

**यसका लक्षणहरू:**
-थकान महसुस हुने,
-पेट दुखे,
-आँखाको सेतो भाग पहेंलो हुने (जन्डिस देखिने),
-वान्ता वा खानामा अरुचि हुने,
-तौल घट्ने जस्ता लक्षण देखिन सक्छन् ।

**हेपाटाइटिसबाट बच्न:**
-सफा पानी पिउने,
-स्वच्छ खाना खाने,
-हेपाटाइटिस विरुद्धको खोप लगाउने,
-संक्रमितको रगत तथा सुईबाट टाढा रहने,
-सुरक्षित यौन सम्पर्क गर्ने ।

**'हेपाटाइटिस रोकथाम गरौं, जीवन जोगाऔं'**



नेपाल सरकार
**विज्ञापन बोर्ड**

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई